सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २६८ ♦ २०८३ साल जेष्ठ २९ शुक्रवार ♦ 12 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम सर्वसम्मत पारित

**खबर दर्पण समाचारदाता**
**जेष्ठ २८ गते, बर्दिवास**




मधेश प्रदेशसभाको बिहीबारको बैठकमा मधेश प्रदेश सरकार को अगामी आर्थिक २०८३-८४ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको छ। मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले जेठ १५ गते प्रदेशसभाको बैठकमा प्रस्तुत गर्नुभएको अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम माथिको छलफलको क्रममा उठेका विषयवस्तुलाई मधेश प्रदेश सर कारले समावेश गर्ने विषयमा मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रतिबद्धता व्यक्त गरेपछि विहिवार नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको हो ।

छलफलको क्रममा उठेका विषयवस्तुलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले सहकार्य र समन्वयको सिद्धान्तअनुसार प्रदेश सरकार अगाडि बढने बताउँदै प्रदेशसभा सदस्यहरुले संघीयता सबलीकरणका विषयमा उठाएका विषयवस्तुलाई सरकारले आफनो नीति तथा कार्यक्रममा समावेश गर्ने बताउनुभयो । उहाँले संघीयतालाई बलगर बनाउने र प्रदेशलाई अधिकार सम्पन्न बनाउने विषयमा संघ सरकारसँग समन्वय गरी अघि बढने र त्यसमा सबै दलको सहयोग आवश्यक रहने बताउनुभयो। आजको बैठकमा मुख्यमन्त्री कृष्णप्रसाद यादवले नीति तथा कार्यक्रम पारित गर्न प्रस्ताव गरेपछि सभामुख रामअशिष यादवले निर्णयार्थ प्रस्तुत गर्दा बैठकमा उपस्थित प्रदेशसभा सदस्यहरुले ध्वनिमतका साथ सहमति जनाएपछि सभामुख यादवले नीति तथा कार्यक्रम सर्वसम्मतीले पारित भएको घोषणा गर्नुभयो ।

मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि प्रमुख प्रतिपक्षी दल जसपा नेपाल, जनमत पार्टी, नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीका गरी सात जना प्रदेशसभा सदस्यले संशोधन प्रस्ताव दर्ता गराउनुभएको थियो ।

संशोधन प्रस्ताव दर्ता गराएका सात जनामध्ये जसपा नेपालका प्रदेशसभा सदस्य एवम पूर्व मुख्यमन्त्री लालबाबु राउत, नेपाली कम्युनिष्ट पार्टीका प्रमोदकुमार यादव र नेकपा (एमाले) का प्रमोद जयसवालले मुख्यमन्त्रीको सम्बोधनमा आफ्ना विषयवस्तु समेटिएको भन्दै संशोधन प्रस्ताव फिर्ता लिनुभएको थियो ।

प्रदेशसभा सदस्यहरु अनरुद्धकुमार सिंह, शम्भुकुमार साह र संजयकुमार यादवले संशोधन प्रस्ताव फिर्ता नलिएपछि सभामुखले निर्णयार्थ प्रस्तुत गर्दा तीनै जनाको प्रस्ताव बहुमतले अस्वीकृत गरिएको थियो । नेकपा (एमाले) का प्रदेशसभा सदस्य राजकुमार लेखीको संशोधन प्रस्ताव भने बहुमतले पारित भएपछि उक्त प्रस्तावलाई लिखित रुपमै नीति तथा कार्यक्रममा समावेश गरिने बताइएको छ ।

प्रदेशसभा सदस्य लेखीले मधेश प्रदेशमा रहेको प्रादेशिक अस्पतालको सुधार र कोशीटप्पु बन्यजनतु आरक्षको विषयलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश नगरिएको भन्दै संशोधन प्रस्ताव दर्ता गराउनुभएको थियो ।

मधेश प्रदेश सरकारको अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित भएपछि आजको बैठकमा मधेश प्रदेश सरकार का अर्थमन्त्री युवराज भट्टराईले विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्त प्रस्तुत गर्दै उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग र लगानीमैत्री वातावरण निर्माण हुने किसिमले बजेट ल्याउन लागेको जानकारी गराउनुभयो ।

उहाँले कृषि र उद्योग क्षेत्रलाई प्राथमिकता दिई अनुत्पादक क्षेत्रमा बजेट कट्टा गरिएको बताउनुभयो । प्रदेशसभाको बैठक जेठ २९ गते दिउसो १ बजे पुनः बस्नेगरी स्थगित भएको छ ।

## बर्दिवास-९ का वडाध्यक्ष घुरन महतो पक्राउ

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**जेठ २८ गते, महोत्तरी**

महोत्तरीको बर्दिवास नगर पालिका-९ का वडाध्यक्ष घुरन महतो बैंकिङ कसुर तथा अभद्र व्यवहारसम्बन्धी मुद्दामा पक्राउ परेका छन्।

ईलाका प्रहरी कार्यालय बर्दिवासका अनुसार बर्दिवास-९ र वडा नं. ६ का स्थानीयवासीबाट प्राप्त उजुरीका आधारमा महतोविरुद्ध अनुसन्धान प्रक्रिया अघि बढाइएको हो। घटनाका सम्बन्धमा अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार बैंकिङ कसुर सम्बन्धी मुद्दामा महतोविरुद्ध करिब एक महिनाअघि नै पक्राउ पुर्जी जारी भएको थियो। पक्राउ पुर्जी जारी भए पनि उनी फरार रहेकाले खोजी कार्यलाई तीव्र पारिएको थियो।


फरार सूचीमा रहेका महतोलाई खोजतलासका क्रममा बिहीबार बर्दिवास क्षेत्रबाट पक्राउ गरि एको प्रहरीले जनाएको छ। घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको तथा



विस्तृत विवरण पछि सार्वजनिक गरिने जनाइएको छ।

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

खबर दर्पण
राष्ट्रिय दैनिक



# ब्राजिलको स्वर्णिम विश्वकप यात्रा : अमेरिका र २४ वर्षको संयोग




सन् १९३० मा फिफा विश्वकपको सुरुवात भयो। त्यसयता विश्वका दर्जनौं राष्ट्रहरूले विश्व फुटबलको सर्वोच्च उपाधि जित्ने सपना देखे। तर लगभग एक शताब्दी लामो इतिहासमा मात्र आठ राष्ट्रले मात्रै विश्व कप जित्न सफल भएका छन्। उरुग्वे, अर्जेन्टिना, जर्मनी, इटाली, फ्रान्स, स्पेन, इङ्ल्यान्ड र ब्राजिल।

यी राष्ट्रहरूले विश्व फुटबलमा आफ्नो नाम इतिहासमा लेखे। तर , ती सबैमध्ये एउटा राष्ट्र भने अरूभन्दा फरक उभिन्छ–ब्राजिल। किनभने ब्राजिल केवल विश्व विजेता मात्रै होइन, विश्वकप सबैभन्दा धेरैपटक जित्ने राष्ट्र हो। पाँचपटक विश्व कप जितेको ब्राजिल आज पनि विश्व फुटबलको सबैभन्दा सफल टोली मानिन्छ। फुटबललाई कला बनाउने टोली। संसारभर करोडौं समर्थकको मुटु जित्ने राष्ट्र।

ब्राजिलको विश्व विजेता यात्राको सुरुवात भयो सन् १९५८ मा स्विडेनमा आयोजित विश्व कपबाट। त्यही प्रतियोगितामा विश्व फुटबलले एउटा नयाँ तारा भेट्टायो–मात्र १७ वर्षका पेले। फाइनलमा आयोजक स्विडेनलाई ५-२ ले पराजित गर्दै ब्राजिल पहिलोपटक विश्व विजेता बन्यो। त्यही विश्व कपबाट अर्को जादुगर पनि उदाए–माने ग्यारिन्चा। उनको अद्भुत ड्रिब्लिङले संसारभरका फुटबल समर्थकलाई मोहित बनायो।

चार वर्षपछि, सन् १९६२ मा, ब्राजिल साविक विजेताको रूपमा फेरि विश्वकपमा उत्रियो। फाइनलमा चेकोस्लोभाकियालाई पराजित गर्दै ब्राजिलले लगातार दोस्रो विश्वकप जित्न सफल भयो। तर त्यो विश्व कप केवल उत्कृष्ट फुटबलका लागि मात्र चर्चित बनेन। प्रतियोगिता विवाद, तनाव र हिंसात्मक खेलका कारण पनि इतिहासमा दर्ज भयो।

विशेषगरी चिली र इटालीबीच भएको खेल, जसलाई 'ब्याटल अफ सान्टियागो' नामले चिनिन्छ, विश्वकप इतिहासकै सबैभन्दा हिंसात्मक खेलमध्ये एक मानिन्छ। प्रतियोगिताको सुरुमै पेले घाइते भए पनि त्यसले ब्राजिलको यात्रालाई रोक्न सकेन।

त्यसपछि आयो सन् १९७०–मेक्सिको विश्वकप। धेरै फुटबल विश्लेषक र समर्थकहरूले आजसम्मकै उत्कृष्ट टोली मान्ने ब्राजिल त्यही विश्व कपमा देखियो। पेले, जैरजिन्हो, टोस्टाओ, रिभेलिनो, जेर्सन र कार्लोस अल्बर्टोजस्ता विश्वस्तरीय खेलाडीहरूले भरिएको त्यो टोली आक्रामक फुटबलको प्रतीक बनेको थियो।

फाइनलमा इटालीलाई ४-१ ले पराजित गर्दै ब्राजिलले तेस्रोपटक विश्व कप जित्यो। त्यससँगै ब्राजिलले प्रतिष्ठित जुल्स रिमेट ट्रफी स्थायी रूपमा आफ्नो बनायो। त्यो टोलीले केवल उपाधि जितेन, फुटबल कसरी खेल्नुपर्छ भन्ने नयाँ परिभाषा नै लेख्यो।

तर त्यसपछि ब्राजिल लामो प्रतीक्षामा फस्यो।

एक वर्ष होइन, दुई वर्ष होइन, पूरा २४ वर्षसम्म ब्राजिल विश्वकप उपाधिविहीन रह्यो। विश्व फुटबलको सबैभन्दा सफल राष्ट्रका लागि त्यो पीडादायी समय थियो।

अन्ततः सन् १९९४ मा त्यो प्रतीक्षा समाप्त भयो। अमेरिकामा आयोजित विश्वकपको फाइनलमा फेरि ब्राजिल र इटाली आमनेसामने भए। १२० मिनेटसम्म कुनै टोलीले गोल गर्न सकेनन्। खेल पेनाल्टी सुटआउटमा पुग्यो, जहाँ ब्राजिलले इटालीलाई ३-२ ले हराउँदै चौथोपटक विश्वकप जित्यो।

त्यसपछि आयो सन् २००२। दक्षिण कोरिया र जापानमा आयोजित विश्वकपमा ब्राजिल फेरि एकपटक अपराजेय देखियो। रोनाल्डो, रिभाल्डो र रोनाल्डिन्हो–'थ्री आर' भनेर चिनिने ती तीन सुपरस्टार ले प्रतियोगिताभर जादुमय प्रदर्शन गरे।

फाइनलमा जर्मनीलाई २-० ले पराजित गर्दै ब्राजिलले पाँचौं विश्वकप उपाधि जित्यो। रोनाल्डोले गरेको दुई गोलले ब्राजिललाई फेरि विश्व फुटबलको शिखरमा पुऱ्यायो। त्यससँगै ब्राजिल विश्वकप सबैभन्दा धेरैपटक जित्ने राष्ट्रको रूपमा अझ मजबुत रूपमा स्थापित भयो।

तर त्यसयता ब्राजिलले विश्वकप जित्न सकेको छैन। अहिले फेरि २४ वर्षपछि फेरि अमेरिकामै विश्वकप हुँदै छ। पहिलो २४ वर्षको अन्तरालमा विश्व विजेता बनेको ब्राजिलसामु दोस्रो २४ वर्ष अन्तरालमा समयले फेरि अमेरिका पुऱ्याएको छ । अहिले त्यो सुनौलो इतिहास दोहोरिएला ? अहिले पनि ब्राजिल टिम नेयमार जुनियर, भिन्सियस जुनियर र एन्ड्रिक जस्ता प्रतिभावान खेलाडीले सुसज्जित छ ।

यदि त्यसो भयो भने, ब्राजिलले आफ्नो कीर्तिमानलाई अझ उचाइमा पुऱ्याउनेछ। तर उत्तर जे भए पनि, विश्व कपको इतिहासमा ब्राजिलको कथा भने सधैं विशेष रहनेछ। किनभने ब्राजिलले केवल ट्रफी जितेन–उसले विश्वलाई फुटबलसँग प्रेम गर्न सिकायो।-एजेन्सीको सहयोगमा


## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# जनकपुरधाम-३ को वडा कार्यालयमा तालाबन्दी

**खबर दर्पण समाचारदाता**
**जेष्ठ २८ गते, बर्दिबास**

वर्षायाम सुरु भएसँगै जनकपुरधाम उपमहानगरपालिका-३ मा जलनिकास र सडकको समस्याले विकराल रूप लिन थालेपछि स्थानीय बासिन्दाले वडाकार्यालयमा तालाबन्दी गर्दै विरोध प्रदर्शन गरेका छन् ।

बिहीबार परेको करिब एक घण्टाको वर्षापछि वडाका अधिकांश सडक जलमग्न बनेका थिए भने घर तथा पसलमा पानी पस्दा स्थानीयले क्षति व्यहोर्नुपरेको बताएका छन् ।

विगत लामो समयदेखि सडक, नाला तथा सरसफाइ व्यवस्थापनमा बेवास्ता भएको आरोप लगाउँदै स्थानीय युवाहरूले वडाकार्यालयमा तालाबन्दी गर्नुका साथै टायर बालेर प्रदर्शन गरेका हुन् ।

स्थानीय युवा प्रेम साह, कृष्णा साह, सुनिल दास, लक्ष्मण साह, सन्दीप साह र राहुल कर्णलगायतले वडा कार्यालयअघि प्रदर्शन गर्दै दुई कार्यकालदेखि निर्वाचित नेतृत्वले आधारभूत पूर्वाधार निर्माणमा ध्यान नदिएको आरोप लगाए ।

उनीहरूले सामान्य वर्षामै यस्तो अवस्था देखिएको भन्दै आगामी साउन भदौमा स्थानीयवासीले झन् ठूलो समस्या भोग्नुपर्ने चिन्ता व्यक्त गरे ।

प्रदर्शनकारीहरूले वडामा वर्षौंदेखि सडक तथा नालाको उचित व्यवस्थापन हुन नसकेको, नियमित सरसफाइ नहुने र फोहर व्यवस्थापनसमेत प्रभावकारी नभएको गुनासो गरे ।

उनीहरूले वडाभित्र रहेको ऐतिहासिक देवान पोखरीको अवस्था पनि वर्षौंदेखि दयनीय रहेको बताए ।

स्थानीयका अनुसार विश्वप्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल जानकी मन्दिर नजिकै रहेको वडा नम्बर-३ को अस्तव्यस्त अवस्थाले जनकपुरधामको छविमा समेत नकारात्मक असर पारिरहेको छ ।

यता, वडाध्यक्ष दिपेन्द्र साहले स्थानीयको गुनासोलाई स्वाभाविक भएको स्वीकार गर्दै समस्या समाधानका लागि पहल भइरहेको बताए ।

उनले विगतमा बजेट अभाव, प्राविधिक प्रक्रिया र विभिन्न प्रशासनिक कारणले केही योजनाहरू समयमै सम्पन्न हुन नसकेको बताए ।

'जलनिकास व्यवस्थापनका लागि केही योजना सञ्चालनमा छन् । मुख्य नाला निर्माण तथा सडक स्तरोन्नतिको काम आगामी बजेटमा प्राथमिकताका साथ अघि बढाइने छ,' अध्यक्ष साहले भने,'स्थानीयले उठाएका विषयप्रति हामी गम्भीर छौं र सम्बन्धित निकायसँग समन्वय गरेर समस्याको दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको छ ।'

स्थानीयवासी भने पटकपटक आश्वासन मात्रै पाएको भन्दै अब काम देखिनुपर्ने मागमा अडिग छन् ।

उनीहरूले जनप्रतिनिधि तथा सम्बन्धित निकायले शीघ्र समस्या समाधान नगरे थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

# रास्वपा मधेस प्रदेश अधिवेशन अन्योलमा, आन्तरिक विवादले चर्कियो तनाव

**खबर दर्पण समाचारदाता**
**जेष्ठ २८ गते, बर्दिबास**

मधेस प्रदेशमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को अधिवेशन आन्तरिक विवादका कारण प्रभावित बनेको छ।

नगर अधिवेशनदेखि नै देखिएको विवाद जिल्ला हुँदै प्रदेश अधिवेशनसम्म पुगेपछि अधिवेशन प्रक्रिया अनिश्चित बनेको पार्टीका नेताहरूले बताएका छन्।

नेतृत्वमा पुग्ने आकांक्षीहरूको संख्या बढेसँगै 'नयाँ र पुराना' कार्यकर्ताबीच मतभेद देखिएको र त्यसले अधिवेशनको वातावरण प्रभावित भएको नेताहरूको भनाइ छ।

रास्वपा धनुषा जिल्ला कार्यालयमा जेठ २२ गते तालाबन्दी भएपछि रोकिएको जिल्ला अधिवेशन मंगलबार जनकपुरस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजना गरिएको थियो। तर, अधिवेशनकै दिन रास्वपा धनुषाका सभापति लक्ष्मेश्वर यादवलाई पार्टीको केन्द्रीय अनुशासन आयोगले निलम्बन गरेपछि विवाद थप चर्किएको हो।

अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालले जारी गर्नुभएको पत्रमा पार्टी विधान, आचारसंहिता, निर्वाचन कार्यविधि तथा पदीय जिम्मेवारीअनुसार काम गर्न नसकेको भन्दै यादवलाई धनुषा कार्यसमितिको सभापतिबाट पदमुक्त गरिएको उल्लेख छ। यादवमाथि थप अनुसन्धानका लागि प्रमाण संकलन गर्नुपर्ने पनि पत्रमा जनाइएको छ।

धनुषा सभापतिका लागि यादवसहित अम्बुप्रसाद साह र सरोजकुमार पूर्वे आकांक्षी हुनुभएको थियो। अधिवेशन सुरु भएलगत्तै ठूलो संख्यामा नेता-कार्यकर्ता मञ्चमा पुगेपछि कार्यक्रम प्रभावित भएको थियो।

मधेस प्रदेशका पर्साबाहेक अन्य सात जिल्लामा जिल्ला नेतृत्व चयनमा सहमति जुटन नसकेपछि प्रदेश अधिवेशनसमेत रोकिएको छ। पर्सामा भने तनावबीच हरि पन्त सभापतिमा निर्वाचित हुनुभएको छ।

रास्वपाका मधेस प्रदेशका विभिन्न जिल्लाका नेताहरूका अनुसार अधिवेशन विवादित बन्नुका प्रमुख कारणमा नयाँ र पुराना कार्यकर्ताबीचको मतभेद, नेतृत्वमा दोहोरिने आकांक्षा तथा प्रदेश नेतृत्वको हस्तक्षेप रहेको




बताइएको छ।

धनुषा सभापतिका प्रत्याशी अम्बुप्रसाद साहले पार्टी संगठन विस्तारसँगै नयाँ नेता-कार्यकर्ताको आगमन बढे पनि व्यवस्थापनमा चुनौती देखिएको बताउनुभयो। उहाँका अनुसार पार्टीभित्र नेतृत्व विकासको प्रक्रिया व्यवस्थित हुन नसक्दा समस्या देखिएको हो।

रास्वपा सर्लाहीका सभापति सरोज बनियाँले प्रदेश नेतृत्वको भूमिकाका कारण सर्लाहीको अधिवेशन विवादित बनेको आरोप लगाउनुभएको छ। उहाँले सहमतिबाट अघि बढ्नुपर्ने अवस्थामा विवाद बढेको बताउनुभयो।

मधेस प्रदेशका आठवटै जिल्लाका सभापतिहरू दोहोरिने इच्छामा देखिएका छन्। पर्सामा वर्तमान सभापति हरि पन्त पुन: निर्वाचित हुनुभएको छ भने सर्लाही, महोत्तरी र धनुषामा पनि पुरानै नेतृत्व दोहोरिने आकांक्षासहित नेताहरू प्रतिस्पर्धामा रहेका छन्।

रास्वपा मधेस प्रदेश सभापति तपेश्वर यादवमाथि अधिवेशन प्रभावित हुने गरी पक्षपातपूर्ण भूमिका खेलेको आरोप लगाउँदै अधिकांश जिल्ला अध्यक्षहरूले केन्द्रीय समितिलाई पत्र पठाएको बताइएको छ। तर, यस विषयमा प्रतिक्रिया लिन खोज्दा यादवसँग सम्पर्क हुन नसकेन ।

मधेस प्रदेश सभापतिका लागि तपेश्वर यादव र शिव यादवबीच प्रतिस्पर्धा देखिएको छ। दुवै नेता सिरहाका भएकाले प्रदेश नेतृत्वको प्रतिस्पर्धाको प्रभाव सिरहा जिल्लाको अधिवेशनमा समेत परेको बताइएको छ।

# बजेट फुकेको बेलुनजस्तो....

कति जनता खुसी छन् भनेर प्रश्नसमेत गरे ।

'यो बजेटबाट नेपालका कति प्रतिशत जनता खुसी हुन्छन् ? बैंकमा कति निक्षेप जम्मा भएको छ कि कसैले ऋण लिन तयार नै छैन । आज यहाँ व्यापार गर्ने वातावरण छैन । डरको माहोल छ। डरले शासन चल्ला तर डर ले विकास हुँदैन,' सांसद सिंहले भने ।

त्यस्तै जीडीपीको ३२/३३ प्रतिशत बजेट बनाउने दक्षिण एसियामै कुनै देश नभएको उनको दाबी थियो । बजेटलाई उनले फुलाइएको बेलुनको संज्ञा पनि दिए । 'यो आफैंमा एउटा फुकेको बेलुन हो । फुकेको बेलुन लामो समय टिक्दैन । यो बजेट कार्यान्वयन हुन्छ भन्नेमा मलाई विश्वास छैन, अरू साथीहरूलाई विश्वास होला । झन्डै ७ खर्ब रुपैयाँ त बजेटको डेफिसिट (घाटा) छ,' उनले भने ।

बजेटमा शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा नराखिएको भन्दै उनले असन्तुष्टिसमेत पोखे । आफू संविधानको हस्ताक्षरकर्तासमेत भएको स्मरण गराउँदै उनले भने, 'संविधानमै शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा राखिएको छ । मौलिक हकमा ट्याक्स लगाउन पाइदैन । प्राइभेट स्कुल वा हस्पिटलाई ट्याक्स लाग्या छैन, विद्यार्थीमाथि ट्याक्स लगाइएको छ । सार्वजनिक विद्यालयलाई मजबुत बनाऔं न । सार्वजनिक विद्यालय प्राथमिकतामा परेन । कम्तीमा ७ वटा प्रदेशमा बुढानीलकण्ठजस्तो स्कुल बनोस् भन्ने चाहन्थें । तर त्यो कहीं भेटिएन । मेरो पीडा त्यहाँ छ ।'

युवालाई रोजगारी दिन नसके केही पनि नहुने उनको भनाइ छ । 'मुद्रास्फीति यति भइरहेको छ गरिबका लागि के ल्याइयो । कर्मचारीलाई २१ प्रतिशत तलब बढाइएको छ । कर्मचारी कति प्रतिशत छन् ?,' उनले भने ।

दक्षिण एसियामै कुनै त्यस्तो देश छैन कि जहाँ जीडीपीको ३२/३३ प्रतिशत बजेट बनाइन्छ । यो आफैंमा एउटा फुकेको बेलुन हो । फुकेको बेलुन लामो समय टिक्दैन । यो बजेट कार्यान्वयन हुन्छ भन्नेमा मलाई विश्वास छैन, अरू साथीहरूलाई विश्वास होला । झन्डै ७ खर्ब रुपैयाँ त बजेटको डेफिसिट(घाटा) छ ।

पुँजीगत खर्च २० प्रतिशत मात्र हुने र विकास खर्च नहुने देशलाई भगवान्ले मात्र बचाउन सक्ने उनको भनाइ थियो । 'पुँजीगत खर्च भए मात्र त्यहाँ रोजगारी सिर्जना हुन्छ, लगानी भित्रिन्छ र देश समृद्धिको बाटोमा अगाडि बढ्छ। यो एउटा सामान्य नागरिक लेम्यानले पनि बुझ्छ, तर म जस्तो एउटा अनुभवी सांसदले यो बुझ्न सकेको छैन,' उनले भने ।

२० वर्षदेखि धेरै अर्थमन्त्रीका कुरा सुन्दै आएको पनि उनले बताए । बजेट आउनेतत्तिकै नेपाल कायापलट नहुने पनि उनको भनाइ थियो । 'हरेक अर्थमन्त्रीलाई लाग्छ कि बजेट आएको भोलिपल्टै नेपालको कायापलट हुन्छ, भोलिपल्टै नेपाल सिंगापुर, अमेरिका, दक्षिण कोरिया, दुबई, जापान बन्छ । तर परिणाम 'ढकको तीन पाट' जस्तै छ र हरेक साल ऋण मात्र थपिँदै गइरहेको छ ।'

# जनकपुरधाम जलमग्न

**खबर दर्पण समाचारदाता**
**जेष्ठ २८ गते, बर्दिबास**

बिहीबार बिहान करिब एक घण्टासम्म परेको मुसलधारे वर्षापछि जनकपुरधामका विभिन्न सरकारी कार्यालय तथा सर्वसाधारणका घरहरू डुबानमा परेका छन् ।

पानी निकासको कमजोर व्यवस्थापनका कारण शहरका धेरै स्थान जलमग्न बनेका हुन् ।

लगातारको वर्षापछि जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला हुलाक कार्यालय, डिभिजन वन कार्यालय, राष्ट्रिय समाचार समिति (रासस) मधेश प्रदेश कार्यालय तथा प्रादेशिक अस्पताल परिसरमा करिब एक फिटसम्म पानी जमेको स्थानीयले बताएका छन् ।

रासस मधेश प्रदेश कार्यालयभित्र समेत पानी पसेर कार्यालय कक्षमा करिब एक फिट पानी जमेको कार्यालय सहयोगी सूर्यप्रसाद बरालले जानकारी दिए । उनका अनुसार वर्षापछि कार्यालय सञ्चालनमै समस्या उत्पन्न भएको थियो ।

वर्षाका कारण जनकपुरधाम उपमहानगरपालिकाका वडा नम्बर १, २, ४, ७, ८, १० र ११ का दर्जनौं घर तथा आँगनमा पानी जमेको छ । कतिपय बासिन्दा घरभित्रै थुनिन बाध्य भएका छन् भने सडकहरू समेत जलमग्न बनेका छन् ।

वडा नम्बर ११ का स्थानीय प्रफुल्लराज घिमिरेले एशियाली विकास बैंकको ऋण सहयोग र नेपाल सरकारको लगानीमा निर्माण गरिएको ढल प्रणाली प्रभावकारी हुन नसकेको आरोप लगाए । उनका अनुसार ढलका पाइपको आकार र क्षमता पर्याप्त नभएकाले सामान्य वर्षामै पानी निकास हुन नसकेको हो ।

'एक घण्टाको वर्षाले नै यस्तो अवस्था बनायो भने लगातार केही घण्टा पानी परे जनकपुर धामको अवस्था के होला?' भन्दै उनले चिन्ता व्यक्त गरे ।

उनले पुराना खुला नाला हुँदा पानी सहज रूपमा बग्ने गरेको स्मरण गर्दै हालको ढल प्रणालीले अपेक्षित परिणाम दिन नसकेको बताए ।

मधेश प्रदेश सरकारको मुख्यालय रहेको मधेश भवन परिसरमा समेत पानी जमेको छ ।

स्थानीयवासीका अनुसार शहर वरपर रहेका नदी, पोखरी तथा पुराना प्राकृतिक निकास मार्ग अतिक्रमणको चपेटामा परेकाले वर्षेनी जनकपुरधाममा डुबानको समस्या दोहोरिने गरेको छ ।

स्थानीयहरूले दीर्घकालीन समाधानका लागि पानी निकास प्रणालीको पुन: मूल्याङ्कन, अतिक्रमित नाला तथा प्राकृतिक बहाव मार्गको संरक्षण र प्रभावकारी शहरी पूर्वाधार निर्माणमा ध्यान दिन सम्बन्धित निकायसँग माग गरेका छन् ।

# मधेस प्रदेशको आगामी बजेटमा एक करोडभन्दा कमका योजना समावेश नगरिने



**खबर दर्पण समाचारदाता**
**जेष्ठ २८ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा एक करोड रुपैयाँभन्दा कमका योजना समावेश नगर्ने भएको छ। बिहीबार बसेको मधेस प्रदेशसभाको बैठकमा अर्थमन्त्री युवराज भट्टराईले मधेस प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गर्दै यस्तो जानकारी दिनुभएको हो।

अर्थमन्त्री भट्टराईले प्रदेशभित्र उपलब्ध स्रोतसाधनको प्रभावकारी उपयोग, लगानीमैत्री वातावरणको निर्माण तथा उत्पादनशील क्षेत्रमा पुँजी परिचालन गरी फराकिलो र दिगो आर्थिक वृद्धिको आधार तयार गर्ने उद्देश्यसहित आगामी बजेट केन्द्रित गरिने बताउनुभयो।

उहाँले परम्परागत बजेट विनियोजन प्रणालीलाई सुधार गर्दै प्रत्येक मन्त्रालयको बजेटलाई उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरणका लक्ष्यसँग प्रत्यक्ष रूपमा जोडिने नीति लिइने उल्लेख गर्नुभयो।

अर्थमन्त्री भट्टराईले साना-साना योजनामा बजेट छर्ने प्रवृत्तिलाई अन्त्य गर्दै एक करोड रुपैयाँभन्दा कम लागतका योजनामा बजेट विनियोजन नगरिने बताउनुभयो। अनुत्पादक खर्च कटौती गरी पुँजीगत निर्माणमा लगानी बढाउने रणनीति अपनाइने उहाँको भनाइ थियो।

उहाँले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्वलाई प्रदेश सुशासनको महत्वपूर्ण आधार का रूपमा लिइने बताउँदै नयाँ बेरुजु सिर्जना हुन नदिने 'शून्य बेरुजु' नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने जानकारी दिनुभयो।

सार्वजनिक सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै एकीकृत डिजिटल सेवा प्रणालीलाई थप सुदृढ गरिने उहाँले बताउनुभयो। बिचौलिया प्रणालीको अन्त्य गर्दै नागरिकलाई लामो लाइनमा बस्नुपर्ने अवस्थाबाट मुक्त गर्न कागजरहित, लाइनरहित र अनुहाररहित (फेसलेस) सेवा प्रवाह सुनिश्चित गर्ने नीति विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकतामा समेटिएको अर्थमन्त्री भट्टराईले उल्लेख गर्नुभयो।

# सेनाद्वारा निर्माण गरिएको विश्रामस्थल र खानेपानी आयोजना हस्तान्तरण

**खबर दर्पण समाचारदाता**
**जेष्ठ २८ गते, बर्दिवास**



धनुषाको कमला नगरपालिका-३ स्थित लग्मा बजारमा नेपाली सेनाले निर्माण गरेको आरामस्थल (प्रतीक्षालय) तथा शुद्ध खानेपानी सुविधा स्थानीय तहलाई हस्तान्तरण गरिएको छ ।

नेपाली सेनाको महेन्द्रनगरस्थित श्री विष्णु दल गणले 'शीघ्र प्रभावी आयोजना' अन्तर्गत करिब १० लाख रुपैयाँभन्दा बढीको लागतमा निर्माण गरेको उक्त संरचना बिहीबार आयोजित एक समारोहबीच कमला नगर पालिका र स्थानीय बजार व्यवस्थापन समितिलाई हस्तान्तरण गरेको हो ।

कार्यक्रममा नेपाली सेनाको मध्य पूर्वी पृतना बर्दिबासका पृतनापति भुवन खत्रीले आयोजना औपचारिक रूपमा हस्तान्तरण गर्दै नेपाली सेना मुलुक र नागरिकको हितमा समर्पित रहँदै जनमुखी कार्यक्रम सञ्चालन गर्दै आएको बताए । रिद्धिसिद्धि देवी माता मन्दिरमा दर्शन गर्न आउने श्रद्धालु तथा लग्मा बजारको हाटबजारमा आउने सर्वसाधारणलाई लक्षित गरी निर्माण गरिएको प्रतीक्षालय र खानेपानी सुविधाले स्थानीयलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास व्यक्त गरिएको छ ।

आयोजना ग्रहण गर्दै कमला नगरपालिकाका मेयर विश्वेश्वर यादवले ग्रामीण क्षेत्रमा नागरिकको दैनिक आवश्यकतालाई सम्बोधन गर्ने यस्ता पूर्वाधार निर्माण गरेकोमा नेपाली सेनाप्रति आभार व्यक्त गरे । उनले स्थानीय सरकारका लागिसमेत उपयोगी हुने खालका संरचना निर्माण भएको बताए ।

उद्घाटनसँगै स्थानीयवासीले खानेपानी र विश्रामस्थलको सुविधाबाट राहत महसुस भएको बताए । कार्यक्रमको अवसरमा वृक्षारोपणसमेत गरिएको थियो । समारोहमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेल, विष्णु दल गणका गणपति खिलेन्द्र राज अमगाई, नेपाली सेनाका विभिन्न गणका प्रतिनिधि तथा स्थानीय समाजसेवी र सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# बजेट फुकेको बेलुनजस्तो : रास्वपा सांसद अमरेश सिंह

**खबर दर्पण समाचारदाता**
**जेष्ठ २८ गते, बर्दिवास**

रास्वपा सांसद अमरेशकुमार सिंहले अर्थमन्त्री स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेट कार्यान्वयन हुनै नसक्ने बताएका छन् । बिहीबार प्रतिनिधिसभा बैठकमा बजेटमाथिको छलफलमा भाग लिँदै सांसद सिंहले यो बजेटले

*बाँकी पृष्ठ ३ मा*



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२१०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,